# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०९।२६ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

मालपोत कार्यालय, टीकापुरका कर्मचारीहरू र टीकापुर नगरपालिका वडा नं. ५ का बासिन्दा रामजी शाहीको मिलेमतोमा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता श्रेस्ता कायम भएकोले उक्त फर्जी लालपुर्जा बदर गरी आवश्यक कारवाही गरिपाउँ भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा उक्त मालपोत कार्यालयका तत्कालिन कार्यालय प्रमुख ना.सु. लोकबहादुर रावल, ना.सु. मोहनबहादुर रसाईली, खरिदार जग्गेप्रसाद उपाध्याय र रामजी शाहले आपसी मिलेमतोमा सार्वजनिक जग्गा रामजी शाहको नाममा दर्ता गरी जग्गाधनी प्रमाण-पूर्जा समेत प्राप्त गरेको देखिन आएकोले निज राष्ट्रसेवकहरू मालपोत कार्यालयका प्रमुख लोकबहादुर रावल, ना.सु. मोहनबहादुर रसाईली र खरिदार जग्गेप्रसाद उपाध्यायले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिम कसुर गरेको देखिन आएकोले निजहरूलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र सार्वजनिक जग्गा आफ्नो नाममा दर्ता गरी लिने रामजी शाहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम कसुर गरेको देखिन आएकोले निज रामजी शाहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को आधारमा २२ बमोजिम सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता